# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, जेठ १गते २०४८ साल (पूर्वांतिरिक्ताङ्क ६ (क)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बाल-बालिका बचाऔं अंकित निम्न डिजाइन, नाप तौलको असर्फी र चाँदीको स्मारिका सिक्का SPINK MODERN COLLECTIONS LTD. ENGLAND द्वारा टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ ।

**असर्फी**

अग्र भागमा:– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४७ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भागमा:– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा बाल-बालिका बचाऔं तल अर्ध गोलाकार रूपमा अंग्रेजीमा SAVE THE CHILDREN बीचमा आमा र बच्चाको तस्वीर र यसको तल अंग्रेजीमा NEPAL 1990 रही नेपालीमा असर्फी र अंग्रेजीमा ASARFI रहनेछ ।

| | |
|---|---|
| तौल | ११.६६ ग्राम |
| व्यास | २८ मि. मि. |
| शुद्धता | .९०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| सिरेशन | भएको |
| धातु | सुन |
| स्तर | प्रूफ |
| अधिकतम टकमरी | ३,००० थान |

**चाँदीको सिक्का**

अग्र भागमा:– वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४७ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भागमा:– वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा बाल-बालिका बचाऔं तल अर्ध गोलाकार रूपमा अंग्रेजीमा SAVE THE CHILDREN बीचमा केटाकेटी नाचेको तस्वीर र यसैको तल अंग्रेजीमा NEPAL 1990 रही रू. २५० र Rs 250 रहनेछ।

| | |
|---|---|
| सिक्काको दर | रू. २५०।– |
| व्यास | ३६ मि.मि. |
| तौल | १६.४४ ग्राम |
| शुद्धता | .९२५ |
| सिरेशन | भएको |
| धातु | चाँदी |
| स्तर | प्रूफ |
| अधिकतम टकमरी | २०,००० थान |

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु.सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६०
मुद्रण विभाग, सिंहदरबार